# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## काठेखोला गाउँपालिका

बागलुङ






महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## काठेखोला गाउँपालिका

बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## काठेखोला गाउँपालिका

बागलुङ


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

पत्र संख्याः २०७८।७९
च.नं. ४४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू ,
काठेखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाग्लुङ्ग ।

**कैफियत सहितको राय**

हामीले काठेखोला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ७६ लाख बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ११ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड २० लाख ४८ हजार, अनियमित रु.१ करोड २६ लाख ४० हजार र पेश्की रू.१७ लाख ७० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ६ करोड १२ लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ८८ लाख ३९ हजार रहेको छ। गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

जयराम घिमिरे
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | ५७ | ४७६०० | ० | ० | ० | ४५ | ५७ | ४७६०० | ११४२ | १२६४० | ३२०४८ | ० | ० | ४४६८८ | १७७० |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठेखोला गाउँपालिका | ६१२७५ | ० | ३६ | ६१२३९ | ० | ४७६०० | १०८८३९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : काठेखोला गाउँपालिका, बागलुङ , काठेखोला गाउँपालिका , बागलुङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | खगराज गौतम | २०७९-४-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | माधब शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,६००,०२३.१२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,६०,३८,९५९.४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,२०,६४,७१७ | **चालु खर्च** | ३०,४९,८१,१३९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८५,९०,५१७ | **पूँजीगत खर्च** | १८,८९,१५,६६६ |
| **राजश्व बाँडफाँट** | ७,६९,३०,९१४ | **वित्तीय/अन्य व्यवस्था** | १३,५५,८१,४५८ |
| **आन्तरिक आय** | ७६,६६,२०२ | | |
| **अन्य आय** | १२,९९,३४,७८३ | | |
| **कुल आय** | ६४,५१,८७,१३३ | **कुल खर्च** | ६२,९४,७८,२६३ |
| **बाँकी मौज्दात** | | ७,१७,४७,८२९.४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षण<br>उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन, २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग मिति २०७९।५।३१ छलफल भएको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिका, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस काठेखोला गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रदर्शन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालीकाको उद्धेश्य रहेको छ । यस गाउँपालीकामा ८ वडा ४४ सभा सदस्य, ८२.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा २०६८ को जनगणना अनुसार २६०२६ हजार जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>असूली<br>लेखापरीक्षणको क्रममा रु.१६१६१४।— असूल गरी दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>प्राप्ति/भुक्तानी<br>
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्षरु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैलेगरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५२,४६,३१,४७२ | १३,७८,७१,४०२.२९ | | १३,७८,७१,४०२.२९ | ५३,५८,३८,६६७.५८ | | ५३,५८,३८,६६७.५८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५१,८१,२३,००० | १२,७२,९४,७११.२९ | ० | १२,७२,९४,७११.२९ | ५१,५२,५२,३४९.५८ | ० | ५१,५२,५२,३४९.५८ |
| ११००० कर | ११ | ९,४६,२१,००० | ५७,५७,७८१.२९ | ० | ५७,५७,७८१.२९ | ७,७७,७८,२३७.७५ | ० | ७,७७,७८,२३७.७५ |
| १३००० अनुदान | | ४२,०६,०२,००० | १२,१५,३६,९३० | ० | १२,१५,३६,९३० | ४३,०६,५५,२३४ | ० | ४३,०६,५५,२३४ |
| संघीय सरकार | १२ | ३९,७६,००,००० | १२,१५,३६,९३० | ० | १२,१५,३६,९३० | ४१,२०,६४,७१७ | ० | ४१,२०,६४,७१७ |
| प्रदेश सरकार | १२ | २,३०,०२,००० | ० | ० | ० | १,८५,९०,५१७ | ० | १,८५,९०,५१७ |
| १४००० अन्य राजस्व | | २८,५०,००० | ० | ० | ० | ५७,३३,८२४.८९ | ० | ५७,३३,८२४.८९ |
| १५००० विविध प्राप्ति | | ५०,००० | ० | ० | ० | १०,८५,०५२.९४ | ० | १०,८५,०५२.९४ |
| ख. अन्य प्राप्ति | | ६५,०८,४७२ | १,०५,७६,६९१ | | १,०५,७६,६९१ | २,०५,८६,३१८ | | २,०५,८६,३१८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ६५,०८,४७२ | १,०२,९७,७८५ | ० | १,०२,९७,७८५ | १,८७,८९,७७० | ० | १,८७,८९,७७० |
| धरौटी | | ० | २,७८,९०६ | ० | २,७८,९०६ | १७,९६,५४८ | ० | १७,९६,५४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५६,००,५२,२१५ | १,६२,६१,१६६.५० | | १,६२,६१,१६६.५० | ५०,७६,७७,९४५.५० | | ५०,७६,७७,९४५.५० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५,३५,४३,७४३ | ९९,७९,६११.५० | | ९९,७९,६११.५० | ४९,९४,७४,९०९ | | ४९,९४,७४,९०९ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २०,१७,७६,००० | २०,३३,१६१.४० | ० | २०,३३,१६१.४० | १७,९९,९१,७०९ | ० | १७,९९,९१,७०९ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,३८,०३,००० | ३३,३१,६७१.१० | ० | ३३,३१,६७१.१० | ८,३८,०३,६४२ | ० | ८,३८,०३,६४२ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १,२०,११,००० | ० | ० | ० | ३,७९,४२,७६३ | ० | ३,७९,४२,७६३ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३१,१०,००० | ८,००० | ० | ८,००० | २३,८१,२०० | ० | २३,८१,२०० | |
| | | | २८००० अन्य खर्च | १८ | ५७,२०,७४३ | ४४,२०,७४३ | ० | ४४,२०,७४३ | ८,६१,८२५ | ० | ८,६१,८२५ | |
| | | | ३१००० गैर वित्तीय सम्पती / पूँजीगत खर्च | १८ | २१,७१,२३,००० | १,८६,०३६ | ० | १,८६,०३६ | १९,४४,९३,७७० | ० | १९,४४,९३,७७० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | ६५,०८,४७२ | ६२,८१,५५५ | | ६२,८१,५५५ | ५०,७६,७७,९४५.५० | | ५०,७६,७७,९४५.५० |
| कोषहरु | | ६५,०८,४७२ | ६३,०९,४७२ | ० | ६३,०९,४७२ | ७२,६६,६१४.५० | ० | ७२,६६,६१४.५० |
| धरौटी | | ० | ० | ० | ० | ९,३६,४२२ | ० | ९,३६,४२२ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२७,९१७ | | -२७,९१७ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,५४,२०,७४३) | १२,१६,१०,२३५.७९ | | १२,१६,१०,२३५.७९ | २,८१,६०,७२२.०८ | | २,८१,६०,७२२.०८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,०२,२४,६७३.९८ | | ६,०२,२४,६७३.९८ | ४,३६,८३,८९४.४० | | ४,३६,८३,८९४.४० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३,५४,२०,७४३) | १८,१८,३४,९०९.७७ | | १८,१८,३४,९०९.७७ | ७,१८,४४,६१६.४८ | | ७,१८,४४,६१६.४८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १८,१८,३४,९०९.७७ | | १८,१८,३४,९०९.७७ | ७,१९,०८,५५४.४८ | | ७,१९,०८,५५४.४८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र नियम ७६ (२) वमोजिम महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा स्वीकृत NEPSAS bsed को ढाँचाको पूर्ण पालना गरी प्रतिवेदन तथा लेखाकंन गरेको देखिएन । वित्तीय विवरण सम्वन्धमा देखिएका केही व्यहोरा देहाय अनुसार छनः<br>(क) यो वर्ष २०७८।७९ को एकिकृत आय व्यय विवरणमा गतवर्षको जिम्मेवारी रु.५६०३८९५६।४० देखाएकोमा गतवर्ष २०७७।७८ को वाँकी मौज्दात रु.४५०८८५२४।- देखिदा रु.१०९५०४३५।- ले फरक परेको छ ।<br>(ख) सूत्र अनुसार तयार भएको म.ले.प.फा.नं. २७२ मा रु.५३५८३८६६७।५८ यस वर्ष प्राप्ती भएको उल्लेख गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरणमा संघबाट रु.४१२०६४७१७।- प्रदेशबाट रु.१८५९०५१७।- बाँडफाँडबाट रु.७६९३०९१४। र आन्तरिक आयबाट रु.७६६६२०२।- समेत रु.५१५२५२३५०।- हुने देखिन्छ । फरक सम्वन्धमा खुलाशा गरेको छैन ।<br>(ग) म.ले.प.फा.नं. २७२ अनुसार यो वर्ष कूल रु.४९९४७४९०९।- भुक्तानी भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरणबाट रु.६२६८५३३३१। देखिएको छ । सामाजिक सुरक्षा तथा संरक्षण तर्फको रकम वित्तीय हस्तान्तरण नभै सूत्रमा समावेश नभएको कारणले फरक परेको देखिन्छ ।<br>(घ ) एकिकृत आय व्यय विवरण अनुसार अन्तिम मौज्दात रु.७१७४७८२९।४० देखिएकोमा म.ले.प.फा.नं. २७२ अनुसार रु.७१७७२०५४।४८ भई रु.२४२२५।०८ फरक परेको देखिन्छ । त्यसैगरी बैंक विवरण अनुसार रु.७१९०८५५४।०४ देखिएकोले सूत्रको बाँकी मौज्दात भन्दा रु.१३६५००।- ले बढी रहेको देखिन्छ । उक्त रकम यकिन गरी फिर्ता दाखिला वा हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।<br>पालिकाले तोकिएको ढाँचामा समग्र आय व्ययको एकिकृत वित्तीय विवरण तयार तथा प्रतिवेदनमा आवश्यक खुलासा गर्नुको अलावा सो सम्वन्धी अभिलेख व्यवस्थित गरी आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ वमोजिम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्थाको पालना गर्नु पर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• भ्रमण प्रतिवेदन लिने नगरेको तथा ईन्धन खर्च सम्बन्धमा सवारी लगबुक राखेको देखिएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कन्टिन्जेन्सी खाता राखेको पाईएन<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना /कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन भएको नदेखिएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन भएको नदेखिएको ।<br>• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन भएको, नदेखिएको ।<br>• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन भएको नदेखिएको<br>• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन भएको नदेखिएको ।<br>• वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन भएको नदेखिएको ।<br>• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन भएको नदेखिएको ।<br>• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको संचालन तथा व्यवस्थापन भएको नदेखिएको ।<br>• एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा गरेको नदेखिएको ।<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा गरेको नदेखिएको ।<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन गरेको नदेखिएको ।<br>• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य भएको नदेखिएको ।<br>• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन भएको नदेखिएको ।<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन भएको नदेखिएको ।<br>• स्थानीय साना सतह तथा भूमिगत सिचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन भएको नदेखिएको ।<br><br>• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा भएको नदेखिएको ।<br>• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा भएको नदेखिएको ।<br>• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु-उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको नदेखिएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आप्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने उल्लेख छ सो अनुसार भए गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, ०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरि कार्यान्वयन गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले २०७८।०७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरि राख्नु पर्ने मा राखेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताका योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो अनुसार भएको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री अर्जुन बहादुर खत्रीले २०७८।३।१० गते रु.५३ करोड ३१ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **अवण्डा तथा बचत रकम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सहितको बजेट पेश र पारित गर्ने ब्यवस्था छ । काठेखोला गाउपालिकाको नवौं गाउसभाले २०७८।३।१० मा रु.५३ करोड ३१ लाख १४ हजारको व्यय विवरण पारित गरेको देखिन्छ । पुन १० औं २०७८।९।१६ मा संचित कोषमा बचत रहेको रु.२५२६३१०८।४० विनियोजन गरी दशौं गाउँसभाबाट पारित भएको पाइयो । उक्त रकम औद्योगिक ग्रामको विस्तृत आयोजना प्रतिवेदन, गाउँपालिकाको प्रवेश द्धार निर्माण, आयोजनाको नाम नखुल्ने अन्य भौतिक पूर्वाधार लगायत ८ कार्यक्रममा विनियोजन भएको र रु.१०७४७४८३।- वर्षान्तसम्म खर्च भएको देखिन्छ । गाउँपालिकाको प्रवेशद्धार निर्माणकार्यमा खर्च भएको छैन । दशौं गाउँसभाबाट थप भएको विनियोजन बजेट मध्ये ४२.५४ प्रतिशत मात्र खर्च भएको अवस्था छ । उपर्युक्त स्थितिले बजेट तर्जुमा कार्य वस्तुपरक रुपमा तयार गर्नुको अतिरिक्त अवण्डा तथा बचत रकम कार्यपालिकाले निर्णय गरी खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **सेवा प्रवाह**<br>पालिकाले विगत वर्ष जस्तै यो वर्ष पनि सामाजिक, आर्थिक, पूर्वाधार लगायतका विभिन्न कार्य गर्दै आएको छ । सोको अतिरिक्त नागरिकता, राहादानी लगायत विभिन्न सिफारिस गरी जनसरोकारका कार्य गरेको देखिन्छ ।पालिका सञ्चालनको लागि मुख्य स्रोत संघको अनुदान रहेको छ । यो वर्षको वार्षिक कार्यक्रममा समावेश भएका कतिपय योजना सञ्चालन हुन सकेको देखिदैन । औद्योगिक ग्राम सञ्चालन गर्न पूर्वाधार तर्फ लगानी गर्न शुरु गरे तापनि पहुँच मार्ग र स्रोतको कुनै सुनिश्चितता छैन ।पालिकाको आफ्नो स्वामित्वमा कार्यालय भवन रहेको छैन । नागरिकको आयआर्जन वृद्धि हुने प्रभावकारी कार्यक्रम सञ्चालनमा ल्याउन सकेको देखिदैन । सेवाको गुणस्तरमा वृद्धि गर्न तत्सम्वन्धी कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| १० | | | **योजना सञ्चालन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारम, स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने व्यवस्था छ ।उपलव्ध विवरण अनुसार यो वर्ष विभिन्न ३२७ योजना तथा कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भएको देखिन्छ । पालिकाले योजना छनोट वेगर व्यय विवरणमा एकमुष्ट रु.१४४०५०००।- अन्य भौतिक पूर्वाधार शिर्षकमा बजेट विनियोजन गरेको देखियो । पुनः २०७८।९।१६ मा उक्त शिर्षकमा रु.५० लाख बजेट थप गरेको छ । उक्त शिर्षकमा विनयोजित कूल रु.१९४०५०००।-विनियोजित रकम विभिन्न ९२ योजना कार्यक्रममा खर्च भएको विवरण प्राप्त भएको छ । पालिकाको नवौं गाउसभाले पारित गरे मध्ये रु. ५७९८०००।-मुल्यका २० योजना तथा कार्यक्रम कार्यान्वयन भएको देखिदैन । शुरुमा योजनामा समावेश नगर्ने तर शुरु वजेट तथा बजेट पारित पश्चात तोकको आधारमा योजना कार्यक्रममा भुक्तानी गर्नु वजेट सिद्धान्त विपरित देखिदा यस प्रकारको कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ११ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलाई चौमासिक लक्ष्य तोकिइ आए अनुसार चैमासिक प्रगति विवरण तयार गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष पुजिगतर्फ रु.१४३७९६६५७।- खर्च गरेको छ । जसमध्ये प्रथम चौमासिकमा रु.६२९३४२०।- अर्थात कुल खर्चको तुलनामा ४.३७ प्रतिशत, दोस्रो चौमासिकमा रु.५१७६९९९२।-अर्थात कुल खर्चको तुलनामा ३६.०० प्रतिशत र तेस्रो चौमासिकमा रु.८५७३३२४५।- अर्थात कुल खर्चको तुलनामा ५९.६२ र कूल खर्चको तुलनामा असार महिनामा मात्र रु.४८९७१७४९।- अर्थात कुल खर्चको तुलनामा ३४. ०५ प्रतिशत खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको छ । आर्थिक वर्षको अन्त्यमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार पालिकाले त्रैमासिक लक्ष्य सहितको कार्यक्रम स्वीकृत गरी अख्तियारी दिने र सोही अनुसार खर्च र प्रगति विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १२ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३५९५००००।- | २६०२९७६८। | ५ |
| सामाजिक विकास | ३५८२१८०००।- | ३१९६६२०१८।- | ६४ |
| पूर्वाधार विकास | १२०८९१०००।- | ८३५४१८१७।- | १७ |
| सुशासन तथा अन्तर सम्बन्धितत क्षेत्र | १२२६५०००।- | १०२४१५२२।- | २ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ६७४३९०००।- | ५९९९९७८४।- | १२ |
| जम्मा | ५९४७६३०००।- | ४९९४७४९०९।- | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **दरबन्दी र पदपूर्तिको**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाको लागि विभिन्न पदमा २९ जनाको दरवन्दी तोकिएको देखियो । उक्त दरवन्दी मध्ये २६ जनाको पदपूर्ति भए तापनि अधिकृत छैठौ, वडा सचिव र खानेपानी सव टेक्निसियनको पदपूर्ति भएको देखिएन ।स्वास्थ्य तर्फ ४६ दरवन्दी मध्ये ३२ को स्थायी पदपूर्ति भएको देखिन्छ । उक्त दरवन्दीको अतिरिक्त गाउँपालिकाले अस्थायी तर्फ सेवा करारमा ३ जना चालक, ३ जना कार्यालय सहयोगी, ९ जना विभिन्न कार्यक्रम सञ्चालनको लागि स्वास्थ्य तर्फ ११ जना, कृषि, पशु तर्फ ७ जना, प्रधानमन्त्री रोजगार तर्फ २ जना, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ २ जना, लघु उद्यम तर्फ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२ जना, पिएलजीएसपी तर्फ १ जना समेत ६९ जना कार्यरत रहेको उल्लेख छ । करार तर्फका कर्मचारीको लागि यो वर्ष रु.१२११९८१०।- पारिश्रमिक वापत भुक्तानी भएको छ । दरबन्दी र पदपूर्तिको विवरण अद्‌यावधिक गरी दुरुस्त गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च<br>कार्य सञ्चालन तथा प्रशासनिक खर्च - यस नगरपालिकाको विगत ३ वर्षको कार्य सञ्चालन तथा प्रशासनिक खर्च र केही चालु प्रकृतिका खर्चको अवस्था निम्नानुसार देखिन्छः
<table>
<tr><th>विवरण</th><th>२०७६।७७</th><th>२०७७।७८</th><th>२०७८।७९</th></tr>
<tr><td>भत्ता कर्मचारी/ पदाधिकारी</td><td>५०००००।-</td><td>५३९०००।</td><td>२०२२२८८।-</td></tr>
<tr><td>इन्धन कार्यालय प्रयोजन</td><td>९२०६०८।</td><td>१६६४७१३।-</td><td>२३९७२७९।-</td></tr>
<tr><td>कार्यालय सामान</td><td>२२६७०४९।-</td><td>१८८३२४०।</td><td>१४९९०५८।-</td></tr>
<tr><td>विविध खर्च</td><td>२०३३४८०।-</td><td>१९८१५५०।-</td><td>१६९९९०६।-</td></tr>
<tr><td>घर भाडा</td><td>१५०००००।-</td><td>११८६४४०।-</td><td>८६१८२५।-</td></tr>
<tr><td>वडा कार्यालय सञ्चालन</td><td>२३७५०००।-</td><td>२४४००००।</td><td>२३९९४८५।-</td></tr>
</table>
प्रशासनिक खर्चमा नियन्त्रण गर्दै सेवाको गुणस्तरमा वृद्‌धि हुने कार्यमा खर्च केन्द्रित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा १६ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। गाउँपालिकाका पदाधिकारीले अनुसूची क बमोजिमको सुविधा मात्र लिन पाउने व्यवस्था भएकोमा पालिकाका पदाधिकारीले देहायको भौचरबाट ऐनमा ब्यवस्था नभएको पोषाक सुविधा लिएको देखिएकोले सम्बन्धित पदाधिकारीबाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारीको नाम, थर</th><th>भुक्तानी दिन नमिल्ने विवरण</th><th>भूक्तानी रकम</th></tr>
<tr><td>१</td><td>गम्विरा थापा</td><td>महिला जन प्रतिनिधिहरुलाई पोषाक</td><td>९५००।-</td></tr>
</table></td><td>१६१,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| २ | रीता नेपाली | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ३ | जमुना देवी कंडेल | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ४ | सम्झना नेपाली | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ५ | चन्द्रीकला वि.क. | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ६ | तुलसा श्रीस | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ७ | लक्ष्मी हमाल | भुक्तानी दिन नमिल्ने विवरण | ९५००।- |
| ८ | सन्तरी किसान | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ९ | सुन्तली वि.क | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १० | नैनकला खड्का | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| ११ | विष्णु परियार | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १२ | नरमाया थापा | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १३ | रुपा किसान | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १४ | खगिसरा न्यौपाने | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १५ | सरीता वि.क | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १६ | चित्र कुमारी थापा | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| १७ | चित्रकला छन्त्याल | महिला जन प्रतिनिधिहरुलाई पोषाक | ९५००।- |
| | जम्मा | | १६१५००।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सुविधा खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यो वर्ष गाउँपालिका पदाधिकारी तथा सदस्यलाई सुविधा (इन्धन, मोविल, यातायात, पत्रपत्रिका, इन्टरनेट, टेलिफोन, अतिथी सत्कार, अनुगमन, सहजीकरण र चाडपर्वमा) तर्फ रु.९०६१८५६।- भुक्तानी भएको छ । यो वर्ष आन्तरिक आय (सिफारिस दस्तुर, सम्पत्ति कर, घरवहाल कर लगायत) तर्फ रु.४४९३९३५।- प्राप्त भएको देखिन्छ । आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी २०२ प्रतिशत रहेको छ । | |
| १७ | | | **ईन्धन खर्च**<br>भुक्तानी दिदा कुपन तथा आदेश वाट ईन्धन खर्च भएको विल र साधनको प्रयोग भएको लगबुक संलग्न रहेको तह अनुसार तोकिएको कोटा भित्र ईन्धन खर्च गरिएको जस्ता आवश्यकता हेरि ईन्धन खर्च लेख्नु पर्नेमा कतिपय ईन्धन विल भुतानी गर्दा सवारी लक वुक नभएको देखिदा लक वुक पेश गर्नुपर्ने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| १८ | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा वस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीलाई नियमावली वमोजिम भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च पाउने व्यवस्था छ । गत वर्ष उक्त शीर्षकमा रु.१५०००००।- खर्च भएकोमा यो वर्ष रु.१७९९९२०। खर्च भएको छ । उक्त रकममा विभिन्न वडामा सम्झौता गर्न कार्यालयको कामकाज गर्न भ्रमण गरेको लगायतको दैनिक भ्रमण भत्ता खर्च समेत समावेश छ । पालिका भित्र भ्रमण गर्दा रात विताएको आधारमा भ्रमण भत्ता भुक्तानी गरे तापनि जिल्ला भित्रको ठाउँको दुरीको विवरण संलग्न गरेको देखिएन । नियमावलीको प्रावधान पालना गरी यस प्रकारको खर्च भुक्तानी गर्नु पर्दछ । | |
| १९ | | | **विविध खर्च**<br>यो वर्ष विविध तर्फ रु.१६९९९०६।- खर्च भएको छ । आन्तरिक आय रु.४४९३९३५।-को तुलनामा उक्त खर्च ३७.८२ प्रतिशत हुन आउँछ । पदाधिकारी सुविधा अन्तर्गतको पदाधिकारी तथा सदस्यलाई अतिथि सत्कार सुविधा खर्च शीर्षकमा वार्षिक रु. १९६८०००।- भुक्तानी भएको देखिन्छ । अतिथि सत्कारमा भएको खर्चको नमूना परीक्षण गर्दा कतिपय विल भरपाईहरु जिल्लाको सदरमुकाम स्थित सेवा आपूर्तकवाट जारी भएको देखिन्छ । पालिकाको आन्तरिक आय समेतलाई विचार गरी यस प्रकारको खर्च व्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| २० | | | **मर्मत खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भवन, सवारी साधन, मेशिनरी उपकरण कार्यालय सामान फर्निचर लगायत पूंजीगत सामानको मर्मत सभ्भार गरि भुक्तानी दिदा सोको लागत ईष्टिमेट तयार गरि मर्मत खर्च मितव्ययी बनाउनु पर्ने, मेशिन सवारी साधन को मर्मत चल्ती मेशिन वा सवारीको किताबमा मर्मत तथा सम्भार को लगत राख्नु पर्ने, फेरिएका सामानको फिर्ता दाखिला गर्नु पर्ने, मर्मत गर्न अधिकार प्राप्त अधिकारीको आदेश र मर्मत भएको कुरा सम्वन्धित कर्मचारी वा प्राविधिकवाट प्रमाणीत गराई नियमानुसार राख्नु पर्ने मर्मत अभिलेख अद्यावधिक हुनु पर्दछ । | |
| २१ | | | **सवारी तथा अन्य साधन**<br>गाउँपालिकामा गत वर्ष देखि १ स्करापियो, १ पिकअप र ब्लाकलोडर समेत ३ सवारी तथा अन्य साधन र १२ दुई पाङग्रे साधन रहेकोमा यो वर्ष खरिद नभएको जनाएको छ | |
| २२ | | | **कोभिड-१९**<br>एकिकृत आय व्यय विवरण अनुसार प्रदेश सरकार तथा विभिन्न संघ संस्था तथा व्यक्तिवाट कोभिड-१९ कोषमा प्राप्त पछि गतवर्षबाट जिम्मेवारी सरेको रु.१४२७३३०।- मध्ये यो वर्ष दुई जना कर्मचारीको तलवमा रु.२०१९६०।- खर्च भै रु.१२२५३७०।- बाँकी रहेको छ । यो वर्ष उक्त कोषमा कुनै रकम आम्दानी भएको छैन् । | |
| २३ | | | **अनुत्पादक खर्च**<br>सार्वजनिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुनेगरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय वमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा पुँजिगत बजेट शिर्षकबाट अनुत्पादक क्षेत्रमा कार्यक्रम तथा बजेट पारित गरी खर्च गरेको सम्बन्धमा मितव्ययिता कायम गर्नु पर्दछ । त्यस सम्बन्धी उदाहरण देहाय अनुसार छनः | |

| भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|
| हरिकला प्रा.वि. | स्टेज निर्माण | २०००००। |
| विद्यालय सि.सी. क्यामरा | इन्टरनेट जडान | २०००००। |
| उपभोक्ता समिति | रुखकाट्ने कार्य | २०००००। |
| स्वीमीङ्ग पुल उपभोक्ता समित | पुल निर्माण | ४०००००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | विभिन्न विद्यालयका प्र.अ. | वैठक भत्ता | ४६६५०। | |
| | | | विभिन्न विद्यालयका वालिका | खाजा खाना | ५००००। | |
| | | | विभिन्न ४ विद्यालय | सि.सी. क्यामरा जडान | ४८९७००। | |
| | | | गर्भवती महिला | अण्डा वितरण | ८२९६६५। | |
| | | | मेला संचालन उ.स. | मेला सञ्चालन उ.स | ५००००। | |
| | | | विभिन्न विद्यालय | छात्रवृत्ती प्रदान | १९५५००। | |
| | | | | अवलोकन भ्रमण | १५००००। | |
| | | | | चाडपर्व सहायता | २५०००। | |
| | | | जिल्ला प्रशासन कार्यालय | दैवी प्रकोप सहायता | ५६००००। | |
| | | | | सफ्टवयर जडान | ९८९२०। | |
| | | | | राहत वितरण | १६००००। | |
| | | | | वडागत पढाइ भेला | ९६६००। | |
| | | | | खेलकूद कार्यक्रम | ५१०००। | |
| | | | | अपाङ्ग प्रोत्साहन भत्ता | ३५००००। | |
| | | | | प्रोफाइल निर्माण | ७४०८१०। | |
| | | | | स्मारिका प्रकाशन | ९७४५६०। | |
| | | | | म.स्वा.स्वयं सेविका सल वितरण | १६००००। | |
| | | | | म.स्वा.स्वयं से.मोवाइल रिचार्ज | २७१२००। | |
| | | | | मृत्युराहत सहायता र उपचार | २३९३६५। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>खेलकूद प्रतियोगिता</td><td>१६५०००।</td></tr>
<tr><td></td><td>जनतासँग प्रतिनिधि कार्यक्रम</td><td>२४३३००।</td></tr>
<tr><td></td><td>प्रशिक्षक भत्ता</td><td>१५००००।</td></tr>
<tr><td></td><td>क्यालेण्डर छपाई</td><td>२९३८००।</td></tr>
<tr><td></td><td>स्वास्थय बीमा</td><td>५२५००।</td></tr>
<tr><td></td><td>आमा समूह प्रोत्साहन भत्ता</td><td>२०००००।</td></tr>
<tr><td></td><td>म.स्वयं से.प्रोत्साहन भत्ता</td><td>१६५४३४।</td></tr>
<tr><td></td><td>शिवरात्री मेला</td><td>७००००।</td></tr>
<tr><td></td><td>पशु बीमा</td><td>२०००००।</td></tr>
<tr><td></td><td>विद्यालय शैक्षिक सुधार</td><td>४०००००।</td></tr>
<tr><td></td><td>अवलोकन भ्रमण गाडी भाडा</td><td>९९५००।</td></tr>
<tr><td></td><td>जनप्रतिनिधि कर्मची अवलोकन भ्रमण</td><td>२०००००।</td></tr>
<tr><td></td><td>के.जी शिक्षक व्यवस्थापन</td><td>११४२८४०।</td></tr>
<tr><td></td><td>जनतासँग जनप्रतिनिधि</td><td>१७००००।</td></tr>
<tr><td>समाचार प्रकाशन</td><td>प्रेस चौतारी</td><td>५१०००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>११०४२३४४।</td></tr>
</table>
यस प्रकारको अनुत्पादक खर्च गरेकोमा यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>अनुदान</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुदान वितरणका लागि लाभग्राही सँग सम्झौता गर्दा कार्यालयले समय समयमा अनुगमन गर्न सक्ने तथा विल भरपाई पेश पश्चात अनिवार्य रुपमा सम्बन्धित विषय विज्ञको सम्लग्नतामा अनुगमन गरी कार्यक्रमका सवल र दुर्लभ पक्ष विश्लेषण गरी अनुदानको सदुपयोगको सुनिश्चितता हुने गरी प्रतिवेदन लिने व्यवस्था हुनु पर्दछ । पालिकाले पकेट निरन्तरता कार्यक्रम तर्फ कृषिमा गत वर्ष विभिन्न ६ पकेट लाई ३।३ लाखका दरले १८ लाख अनुदान दिएकोमा यस वर्ष पनि तिनै पकेटलाई १५००००।- का दरले ९०००००।- तथा पशु तर्फ गत वर्ष विभिन्न ४ पकेटलाई १५००००।- र अर्को एक पकेटलाई रु. ३०००००। लाख समेत रु.९०००००। अनुदान दिएकोमा यस वर्ष ४ पकेटलाई ७००००।- दरले र एक अर्को पकेटलाई १४००००।- गरी ४२००००।- अनुदान दिएको छ । उक्त अनुदान सदुपयोगको सुनिश्चित सहितको अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पूँजीगत बजेटबाट चालु खर्च<br>पूँजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने, कार्यक्रम छनोट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्च कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.७५४३८४७। भूक्तानी दिएको पाईयो ।कार्यलयले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएकोमा नियमानुसार कट्टा गर्नुपर्ने कन्टेन्जेन्सी रकम कट्टा नभएको अवस्थामा कन्टेन्जेन्सी खर्च रु.१८७७२२०।- पूँजीगत शिर्षकबाट भूक्तानी खर्च लेखेको नियम सम्मत देखिदैन ।यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्छ ।
<table>
<tr><th>प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>वालविकास केन्द्र विद्यालय सहायक र सहयोगी पारिश्रमिक</td><td>२९५८०००।</td></tr>
<tr><td>प्रधानाध्यापक वैठक भत्ता</td><td>१२८६५१।</td></tr>
<tr><td>अनुगमन तथा फिल्ड भत्ता</td><td>७९२८४२।</td></tr>
<tr><td>कार्ड छपाई</td><td>२०६५०।</td></tr>
<tr><td>विविध</td><td>१३६४९६।</td></tr>
<tr><td>वैठक भत्ता</td><td>१८३०५०।</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सूचना प्रकाशन — २५००००। ; नविकरण — ५२१००। ; गाडी भाडा — ६९६७७। ; प्रोत्साहन भत्ता — १६५४३४। ; गाडी तथा मेशिन मर्मत — १६६१७७। ; अन्य प्रशासनिक खर्च — ६९८५५०। ; कन्टेन्जेन्सी — १८७७२२०। ; आर्थिक सहायता — ४५०००। | |
| २६ | | | **अनुदानमा अनुगमन**<br>सार्वजनिक निकायबाट उपलव्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलव्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहाय अनुसार स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.३४६८५४। तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.२९६५००।- समेत रु.६४३३५४।-खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्वन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनु पर्दछ । | |
| २७ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारवाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानी तहले यो वर्ष देहाय अनुसार रु.३१८४००७९।- का ४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दायित्व विगत वर्षहरुको समेत आएको छ । यसरी कानून विपरीत सम्झौता गरी वर्षौ सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भूक्तानी रकम | कैफियत |
|---|---|---|---|
| थानडाडा भ्यूटावर निर्माण | ४ तल्ला सम्म अधुरो अवस्था | ५०००००। | |
| एकपाटा बौर सडक | ४५.७० प्रतिशत मात्र कार्य | ३०६८७५५१। | हाल अधुरो अवस्था |
| भीमपोखरा सडक सुधार | ४५.६४ प्रतिशत मात्र कार्य | ५६६२९९।- | हाल अधुरो अवस्था |
| कोल्डरुम चिस्यान केन्द्र निर्माण | ५.०७ प्रतिशत मात्र कार्य | ८६२२९।- | हाल अधुरो अवस्था |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **सहकारी संस्थामा खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले राणनीतिगत र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन योजनाको तयारी गरेको देखिदैन । केही योजनाको परीक्षण गर्दा सहकारी संस्थामा विभिन्न प्रकारको खर्च गरेको देखिन्छ । सरकारी संस्थामा भएको खर्च सम्बन्धी केही उदाहरण निम्नानुसार छनः | |

| सि.नं. | संस्थाको नाम | खर्चको विवरण | यो वर्ष पालिकाले गरेको खर्च |
|---|---|---|---|
| १- | विहुँकोट साना किसान कृषि सरकारी संस्था, (सुन्तला तथा दुध सम्बन्धी कार्य गर्ने) | ग्यावीन, अफिस ब्लक, तारबार, कोल्ड स्टोर र्याक आदि कार्य | ३००००००।- |
| २ | गुदेली सञ्चार संस्था (कृषि तथा सञ्चार सम्वन्धी कार्य) | कृषि उपज संकलन केन्द्र भवन तथा शौचालय निर्माण | ५०००००।- |
| ३ | धनलक्ष्मी महिला विकास बचत तथा ऋण सहकारी (कृषि सम्वन्धी) | सहकारी संस्थाको मर्मत संभार | १०००००।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४</td><td>सृजना दुग्ध उत्पादक सहकारी संस्था (दुग्धजन्य उत्पादन)</td><td>शौचालय, भवन मर्मत</td><td>१०००००।-</td></tr></table>यस प्रकारका नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले कुनै नीति रहेको देखिदैन । सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको मूल्य वृद्धि हुने र नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८६ जनालाई रोजगारी उपलव्ध गराई रु.१०६०६९२१।खर्च गरेको देखिन्छ । लक्षित वर्गलाई औषत ७८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको नदेखिदा त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>गैह्रसरकारी संस्था मार्फत कार्य<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाइ सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ८ मा गैरसरकारी संस्थाबाट दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने समेत उल्लेख छ । पालिकाले गैरसरकारी संघ संस्था तथा निजि क्षेत्र बीचको सहकार्यमा गरिवी निवारण दीर्घकालीन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरि रोजगारीमूलक उद्यमशील र मर्यादित कृषि व्यवसाय विकास गर्ने गैरसरकारी संस्था हेफर प्रोजेक्टसंग साझेदारी र समन्वयमा कार्यगरी रु.४७ लाख ३३ हजार ३६९।- खर्च लेखेकोमा देखिएका व्यहोरा देहाय बमोजिम छ्नः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | (क)पालिकाले हेफर प्रोजेक्ट नेपालसंग २०७८।८।१७ देखि २०८१।३।१६ सम्म परियोजना संचालन गर्न रु.३,७३,३३,३३३।- मध्ये ७५ प्रतिशत रु.२,८०,००,०००।- र उक्त संस्थाले २५ प्रतिशतले हुन आउने रु.९३,३३,३३३।- व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकासंग साझेदारी गरेको गैरसरकारी संस्थाले आफ्नो नियमित प्रशासनिक खर्च कर्मचारीको तलव भत्ता र कर्मचारी मार्फत क्षमता अभिवृद्धि तालिम संचालन गर्ने कुरामा साझेदारी गर्ने गरी सम्झौता गरेको छ । जुन साझेदारी रकम खर्च गर्दा प्रशासनिक प्रकृतिको खर्चलाई साझेदारी कार्यक्रमको बजेटबाट खर्च गर्न नपाइने नियमको विपरित छ ।<br>(ख)पालिकाले सालबसाली वा बहुवर्षीय रुपमा कार्यक्रम संचालन गर्न सक्ने भएता पनि बजेटको सीमा, सो बजेट खर्च गर्दा अपनाउनु पर्ने खरिद सम्बन्धी कार्यविधि उल्लेख गरेको देखिएन । जसबाट लागत अनुमान स्विकृत गर्नुपर्ने ब्यक्ति र खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद कानुनमा भएका कुनै पनि ब्यवस्थाहरुको पालना नगरी बहुवर्षीय सम्झौता गरी खर्च लेख्नु प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को विपरित छ ।<br>(ग)यसरी कुनै निश्चित गैरसरकारी संस्थाको कर्मचारीको तलव भत्तालाई साझेदारीको हिस्सा बनाइ खरिद विधि विपरितको सम्झौता गर्नु ऐन नियम अनुकूल देखिदैन । साथै आ.व. ०७८।७९ मा भुक्तानी भएको रु.४७ लाख ३३ हजार ३६९।- नियम सम्मत देखिदैन । चौमासिक प्रगती प्रतिवेदन, अनुगमन मूल्यांकन प्रतिवेदन ,बिल र लेखापरीक्षण प्रतिवेदन समेत लेखापरीक्षणमा पेश भएको छैन ।यसरी २०७८।७९ को निती कार्यक्रम वेगर योजना तथा कार्यक्रम पेश गरी स्पष्ट आधार तथा मापदण्ड वेगर गरेको उक्त खर्च नियमित नदेखिएको रु | ४,७३३,३६९ |
| ३१ | | | **गुरु तथा वार्षिक खरीद योजना**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैयां भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिदको गुरु योजना तयार गर्नुपर्ने ब्यवस्था छ । त्यसैगरी नियम ८ बमोजिम वार्षिक दश लाख रुपैयां भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिदको प्रकार, सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद विधि, सम्झौताको किसिम र कार्यालयले समय समयमा निर्धारण गरेका कुरा समेत समावेस गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले नियमावलीको ब्यवस्था अनुरुपको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन । खरिद ब्यवस्थापनलाई ब्यवस्थित गर्न नियमावली प्रावधान कार्यान्वयन गर्नु पर्दछ । | |
| ३२ | | | **संघ विशेष अनुदान** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका कार्यालय अन्तर्गत वडा नं.६ मा रहेका १५६ घरधुरीलाई एक घर एक धारा कार्यक्रम अन्तर्गत रु.१०५५९९९५।४४ को लागत अनुमान स्विकृत गरी सवै भन्दा घटी कवोल गर्ने निर्माण व्यवसायी अमृत निर्माण सेवा संग २०७८।२।१५ भित्र सम्पन्न गर्नेगरी मिति २०७७।२।१८ मा रु.९६००७०३।२९ को सम्झौता गरेको देखियो ।उक्त कार्य रु.९३५३९०७। मा सम्पन्न भएको ठेक्का फाईल अध्ययन गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।<br>(क) समयमा निर्माण कार्य सम्पन्न नभएको जनाई प्रथम पटक २०७८।६।१० को निर्णयले २०७८ पौष मसान्त सम्म र मिति २०७८।१०।४ को निर्णयले २०७८।१२।२८ सम्म म्याद थप भएको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्याद थपको लागि म्याद सकिनु भन्दा २१ दिन अगाडि निवेदन दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले २०७८।१।२० को मिति राखी कार्यालयमा दर्ता भएको दर्ता नं. ४७३, मिति २०७८।६।१० मा मात्र निवेदन पेश गरेबाट नियमानुसार समयमा निवेदन दिएको देखिएन ।<br>(ख) मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मुल्य अभिवृद्धि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीलाई कार्यालयमा कर विजक पेश गरेको आधारमा मुल्य अभिवृद्धि कर रु.७२५१५३।- भुक्तानी दिएको छ । तर निर्माण व्यवसायी आन्तरिक राजश्व कार्यालयको अभिलेखमा आर्थिक वर्ष २०७६।७७, २०७७।७८ मा ननफाईलर रहेको देखियो । निर्माण व्यवसायीलाई भूक्तानी भएको मुल्य अभिवृद्धि कर सम्बन्धमा यकिन भै मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. ७२५१५३।-<br>(ग)आर्थिक वर्ष २०७८।७९ मा बजेट ब्यवस्था नभएको जनाई कार्यालयको विविध खाताबाट अन्तिम विल रु.६३०९४७२।६६ भूक्तानी खर्च लेखेकोमा संघीय सरकारबाट सोधभर्ना लिनुपर्नेमा उक्त रकम सोधभर्ना प्राप्त भएको छैन ।<br>(घ)निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटि सच्याउने अवधि सम्मको वीमा हुनुपर्ने सम्झौतामा उल्लेख छ । निर्माण व्यवसायीले १ दिनको वीमा गरी रु.६२१५।- भूक्तानी खर्च लेखेकोमा उक्त खर्च सम्झौता विपरित देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु.६२१५।- | ७३१,३६८ |
| ३३ | | | **शिर्षक फरक पारी खर्च**<br>३०८।०७९।३।१६- सामुदायीक स्वास्थ्य ईकाइ लगायत विभिन्न स्वास्थ्य चौकीहरुलाई भनि फर्निचर खरिद भएकोमा उक्त फर्निचर दाखिला गरी स्वास्थ्य संस्थाहरुमा वुझाएको भरपाई संलग्न हुनुपर्नेमा दाखिला तथा वुझाएको भरपाई संलग्न रहेको देखिएन ।साथै फरक शिर्षक - तलव, महंगी भत्ता, पोषाक, प्रशासनिक खर्च उपशिर्षक - २२५२२२ कार्यक्रम संकेत नं. ५९ फरक शिर्षक बाट खर्च लेखेको नियम सम्मत नभएको रु | ३३०,३५५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चका लागि रु.२६०००००।- अनुदान उपलव्ध गराएको छ । उक्त खर्च नियमित नदेखिएको रु
<table>
<tr><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>धन लक्ष्मी विकास बचत तथा ऋण सहकारी</td><td>मर्मत संभार</td><td>१०००००।-</td></tr>
<tr><td>विहुँकोट साना किसान सहकारी संस्था</td><td>निर्माण कार्य</td><td>२५०००००।-</td></tr>
</table></td><td>२,६००,०००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>प्रमाण र कागजात<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार भूक्तानी खर्च लेखेकोमा श्रेस्ता साथ संलग्न हुनुपर्ने देहाय अनुसारका प्रमाण कागजात संलग्न नगरी भूक्तानी खर्च लेखेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./ मिति</th><th>विवरण</th><th>संलग्न नभएको प्रमाण</th><th>भूक्तानी रकम</th></tr>
<tr><td>४८।२०७८।९।५</td><td>अवलोकन भ्रमण गाडी</td><td>लागत अनुमान,दररेट सूचिकृत भएको प्रमाण</td><td>९९५००।-</td></tr>
<tr><td rowspan="2">३९५।।२०७९।१।१६</td><td>अवलोकन भ्रमण गाडी</td><td rowspan="2">लागत अनुमान,दररेट सूचिकृत भएको प्रमाण</td><td rowspan="2">६४०००।-</td></tr>
<tr><td>भाडा</td></tr>
<tr><td>५४४।०७९।३।२२</td><td>स्थलगत निरीक्षण</td><td>लागत अनुमान,दररेट सूचिकृत भएको प्रमाण</td><td>६९६७७।-</td></tr>
<tr><td>१६।०७८।६।२०</td><td>मर्मत कार्यको लागी निरीक्षण</td><td>लागत अनुमान,दररेट सूचिकृत भएको प्रमाण</td><td>३९०००।-</td></tr>
</table></td><td>३५२,१७७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २२५।०७९।१।२५ — होडिङ्ग वोर्ड — स्वास्थ्य संस्था जिन्सी दाखिला नभएको — ८००००।-<br>जम्मा — — — ३५२१७७।- | |
| ३६ | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने ब्यवस्था छ । यो वर्ष कार्यपालिकाले ऐनको व्यवस्था र कार्यविधि वेगर एकमुष्ट रु.४०००००।- कर्मचारी कल्याण कोषमा जम्मा गरेकोले नियमित नदेखिएको रु. | ४००,००० |
| ३७ | | | **आर्थिक साहयता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले यस वर्ष व्यक्ति तथा संघ संस्थालाई रु. ३१००००।- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम हृनु पर्दछ । | |
| ३८ | | | **यातायात सुविधा**<br>गण्डकी प्रदेश पदाधिकारी सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४(२) मा सवारी साधन उपयोग गरेको पदाधिकारीले यातायात सुविधा नपाउने ब्यवस्था छ । पालिकाले सवारी सुविधा लिनु भएका पालिका अध्यक्षको नाममा श्रावण देखि वैशाख सम्म १० महिनाको रु.१२०००।- को दरले रु.१२००००।- खर्च लेखेको छ । थप सुविधा लिएको उक्त रकम असूल हुनु पर्ने रु. | १२०,००० |
| ३९ | | | **राजश्व दाखिला**<br>स्यथानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकिकृत सम्पत्ती कर भुमि तथा मालपोत कर, सम्पत्ती कर, अन्य कर, अन्य प्रशासनिक सेवा अन्य राजश्व, अन्य व्यवसाय आवेदन दस्तुर कुटानी पिसानी कन्सुलर प्रमाणित कृषि फर्म दर्ता, कृषि समूह दर्ता, किराना पसल दर्ता, निर्माण व्यवसाय कर, घर धुरी कर, घर वहाल कर जरिवाना, नक्सा पास, न्यायिक दस्तुर लगायत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | धैरै करबाट जम्मा संकलित रकम रु.४४९३९३६।४१ हुनुपर्नेमा जम्मा दाखिला रकम रु.४४९१७०२।२५ भएको देखिदा नपुग रकम वडा सचिव रामशिकिल शाहाबाट असूल गर्नुपर्ने रकम रु. | २,२३४ |
| ४० | | | **पेश्की अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा आर्थिक वर्ष भित्र फस्र्यौट हुन नसकेको पेश्की रकम सम्वन्धमा समग्र विवरण खुलाई अर्को आर्थिक वर्षमा जिमेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको म.ले.प.फा.नं.२११ को कच्चावारी अनुसार यो वर्षको म्याद ननाघेको पेश्की रु.१७७०२६८।- र गतवर्ष सम्मको म्याद ननाघेको पेश्की रु.६६५००००।- समेत रु.८४२०२६८।- देखिन्छ । सुत्र अनुसारको अभिलेख म.ले.प.फा.नं.२७२ अनुसार म्याद ननाघेको पेश्की रु.६६५००००।- र म्याद नाघेको पेश्की रु.२२९०२६८।- समेत रु.८९४०२६८।- देखिएको छ । पालिकाले पेश गरेको कूल पेश्की बाँकी र म्याद ननाघेको र म्याद नाघेको वीचमा एकरुपता नदेखिंदा अभिलेख प्रणालीमा विस्वस्त हुने अवस्था रहेन । उल्लिखित पेश्की फस्र्यौट गरी फरक परेको पेश्की सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ४१ | | | **पेश्की फस्र्यौट बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा आर्थिक वर्ष भित्र फस्र्यौट हुन नसकेको पेश्की रकम सम्वन्धमा समग्र विवरण खुलाई अर्को आर्थिक वर्षमा जिमेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।निम्नानुसार म्याद नाघेको पेश्की फस्र्यौट हुन बाँकी देखिएकोले फस्र्यौट गर्नुपर्ने रु. | १,७७०,२६८ |

| नाम | रकम |
|---|---|
| ढुंगे बिसौनी देखी लेखानीघाट झो.पु. | १०८८५०। |
| भुजी खोला घाट झो.पु | १३६३३३।- |
| ढुंगे विसौनी लेखानी झो.पु. | ५०५०३०।- |
| भुजीखोला घाट झो.पु. | ६१८२०६। |
| अदैनीखानी दोविल्ला घाट झो.पु. | ३०७२२७।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>अदैनीखानी दोविल्ला घाट झो.पु.</td><td>९४६२२।-</td></tr><tr><td>जम्मा</td><td>१७७०२६८।</td></tr></table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम<br>ठेक्का नं.३।०७८।०७९ कुकुरकाटे दामगाडे पिलडाँडा सडक निर्माण कार्यको लागि रु.६२८५४६१।७७ को लागत अनुमान स्वीकृत भै मिति २०७९।३।१५ भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी सबै भन्दा घटी रु.३६११८४५।३८ कवोल गर्ने निर्माण व्यवसायी रिदम कन्ट्रक्सन संग २०७८।८।१२ मा सम्झौता भई प्रथम रनिङ्ग विल रु. १२२७५१७।- भूक्तानी खर्च लेखेको देखिन्छ । उक्त भुक्तानी पछि निर्माण व्यवसायीको उपस्थिति नदेखिएको र म्याद थप समेत नभएको अवस्था छ । यसरी निर्माण कार्य अधुरो अवस्थामा छोडी सम्पर्क नगर्ने निर्माण व्यवसायीलाई सम्झौताका शर्त, सार्वजनिक खरिद ऐन तथा नियम बमोजिमका प्रावधान कार्यान्वयन गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>एकपाटा बौर सडक<br><br>एकपाटा बौर सडक स्तरोन्तीको लागि रु.९५१५४५९७।- को लागत अनुमान स्वीकृत भएकोमा वोलपत्र आव्हान गरी सारभूत रुपमा प्रभावग्राही श्री जोशी -निशान -आचार्य जे.भी.सँग रु.६७१४५५९८।- को २०७६।२।२६ मा सम्झौता भएको देखियो । सम्झौता अनुसार २०७९।२।२६ मा कार्य सम्पन्न गर्ने उल्लेख छ । अन्य ब्यहोरा निम्न अनुसार छनः<br>(क ) निर्माण व्यवसायीले उक्त कार्यको यो वर्ष सम्म ४ कि.मी.सडक (कालोपत्रे/ढलान) को निर्माण सम्पन्न गर्नुपर्नेमा सडक पिच ढलानको कार्यको आरम्भ समेत गरेको छैन । यो वर्ष सम्म नाली निर्माण, ग्याविन लगायत चौथो रनिङ्ग वील सम्म रु.३०६८७५५१।- को कार्य गरी भुक्तानी भएको छ । (ख) निर्माण कार्यको म्याद २०७९।२।२६ सम्म रहेकोमा २०७९।१।२५ मा २०८०।२।२६ सम्मको म्याद थपको निवेदन दिएकोमा थप भएको छैन । मोविलाइजेशन पेश्की वापत रु.१,१८,००,०००।- भुक्तानी भएकोमा रु.६६५००००।- फस्यौट हुन बाँकी रहेकोमा पेश्की जमानतको म्याद २०७९।२।३१ मा समाप्त भएको देखियो । उपर्युक्त स्थितिमा पेश्की रकम जोखिममा रहे तापनि जफत गर्ने तर्फ कुनै कारवाही भएको नदेखिएको रु.६६५००००।-<br>(ग) निर्माण व्यवसायी २०७७ फागुन ११ गते देखि मूल्य अभिवृद्धि करमा ननफाइलर देखिएकोमा यो वर्ष मिति २०७८ चैत्र २५ मा मूल्य अभिवृद्धि कर रु.७३२२५९।- समेत रु.६३,६५,०२८।- भूक्तानी भएको छ । मूल्य अभिवृद्धि कर समायोजन भएको वा दाखिला</td><td>७,३८२,२५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको आधार पेश गर्नुपर्ने रु.७,३२,२५९।- संघीय सरकार समपूरक अनुदानमा निर्माणाधिन उक्त सडक स्तरोन्नती कार्य सम्झौताका शर्त, सार्वजनिक खरिद ऐन, नियमको प्रावधान अनुसार सम्पन्न गर्नुपर्दछ । | |
| ४४ | | | **औद्योगिक ग्राम**<br>औद्योगिक ग्रामको लागि पूर्वाधार विकासको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट गतवर्ष २०७८।३।९ मा रु. ९२०००००।- (सोझै पालिकाको खातामा जम्मा भएको) प्राप्त भएको देखियो । औद्योगिक ग्रामको विस्तृत प्रतिवेदन तयार भएको र वातावरणीय मूल्याकंनको कार्य भैरहेकोले उक्त रकमबाट तत्काल पूर्वाधार विकास कार्य गर्नुपर्ने व्यहोरा उल्लेख गरी कन्टेन्जेन्सी समेत रु.१२६८३९२७।- लागत अनुमान स्वीकृत गरेको छ । उक्त कार्यको लागि नपुग रु.३४८३७२७।- समपूरक शीर्षकमा विनियोजित रकमबाट विनियोजन गर्ने निर्णय भएको देखियो । तत्सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छनः<br>(क)उक्त कार्यको लागि ३० दिनको समयसीमा राखी वोलपत्र आव्हान गर्ने र वातावरणीय मूल्याकंनमा पास नभएमा वोलपत्र स्वीकृत हुन नसक्नेगरी शर्त सहितको वोलपत्र आव्हान गर्नु उपयुक्त देखिएन ।<br>(ख)यो वर्ष १९६३५.११ घन मिटर माटो कटान गरी ट्याक खोल्ने र २ वटा ४०x१० मिटरको ट्रस निर्माण गर्न २०७८।९।२६ मा ई.विडिङ्गको सूचना प्रकाशन गरेकोमा ५ वोलपत्र पेश भएको देखियो । सवैभन्दा घटी रु.६.८३०५१६।७१ कवोल गर्ने शुभविहान कन्ट्रक्सन सम्झौता गर्न नआएकोले वोलपत्र जमानत जफत गरे तापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ अनुसार कालो सूचीमा राख्ने निर्णय गरेको देखिएन । ऐनको व्यवस्था पालना गर्नु पर्दछ ।<br>(ग)दोस्रो घटी रु.९४७२८२२।६६ कवोल गर्ने ए.ए.कन्स्ट्रक्सन सँग २०७९।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।१२।१ मा सम्झौता भएकोमा २०७८।१२।२८ मा रु.१४५००००।- पेश्की उपलव्ध गराएको छ । यो वर्ष रु.५४०७२१९।७४ को पहिलो रनिङ्ग वील पेश भएकोमा रु.६०००००।- पेश्की कट्टा गरी बाँकी रकम भुक्तानी भएको देखिन्छ । मूल्य वृद्धि र वर्षायामको कारण समयमा सम्पन्न गर्न नसकेको कारण २०७९।३।७ मा म्याद थपको निवेदन दिएकोमा कार्यालयले ३ महिनाको म्याद थप गरेको छ । सम्झौताका शर्त वमोजिम कार्य सम्पन्न गर्नु पर्दछ । | |
| ४५ | | | **औद्योगिक ग्राम स्थापना र उपलव्धी**<br><br>काठेखोला गाउँपालिका अन्तर्गत वार्ड नं. ७ रेसमा औद्योगिक ग्राम स्थापना गर्न तयार गरेको विस्तृत परियोजना प्रतिवेदनमा ११४०४९.७६ वर्ग मिटर जमिनको आवश्यक पर्ने उल्लेख छ । औद्योगिक ग्राम स्थापनाको लागि पहुँच मार्ग, वाउण्ड्री वाल, कार्यालय भवन, विभिन्न ब्लक निर्माण लगायतका पूर्वाधार निर्माण गर्न रु.३६२०११३६१।४८ लागत लाग्ने जनवरी २०२२ मा पेश गरेको विस्तृत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परियोजना प्रतिवेदनमा उल्लेख गरेको देखियो । यस प्रकारको औद्योगिक ग्राम पालिकामा आवश्यक भए नभएको सम्वन्धमा २०७७।७८ र २०७८।७९ को वार्षिक वजेट तथा कार्यक्रममा उल्लेख गरेको छैन । औद्योगिक ग्रामको स्थापना पश्चात दाना उद्योग, कफि तथा मासु प्रशोधन, सुन्तलाको जुस फैक्ट्री, मह लगायतका उद्योग खुल्न सक्ने सम्भावना प्रतिवेदनमा उल्लेख गरेको छ । औद्योगिक ग्रामको स्थापनाको लागि लाभ र लागतको पर्याप्त विश्लेषण भएको देखिदैन । उपरोक्तानुसारको लागत लाग्ने उल्लेख भएकोमा यो वर्ष ट्र्याक खोल्ने र २ वटा ट्रस निर्माणको लागि रु.९४७२८२२।६६ को सम्झौता भएकोमा निर्माणाधिन अवस्थामा भए तापनि बाँकी खर्चको स्रोत सुनिश्चितता गरेको आधार लेखापरीक्षणमा पेश भएको छैन । औद्योगिक ग्राम स्थापना हुने स्थान, आवश्यकताको पहिचान, लाभ लागतको पर्याप्त विश्लेषण, खर्चको स्रोतको सुनिश्चितता, सेवा प्रवाहमा पर्ने प्रभाव, लगायतका विषयमा पर्याप्त ध्यान दिई कार्य प्रारम्भ र सम्पन्न हुन सकेमा मात्र उक्त कार्यमा भएको खर्च उपलव्धी पूर्ण भई अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने देखिदा यस प्रकारका कार्यमा भएको खर्च खेर नजानेगरी कार्य सञ्चालन गर्न ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४६ | | | **कार्य सम्पादन जमानत घटी**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा लागत अनुमान भन्दा १५ प्रतिशत कम कवोल गरेमा कवोल अंकको ५ प्रतिशत र १५ प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको सोको ५० प्रतिशत रकम ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत लिनुपर्ने व्यवस्था छ । कुकुरकाटे, आरीममाटा, दामगाडे, पिपलडाँडा सडक स्तरोन्नती गर्न रु.६२१२९७१।- लागत अनुमान भै घटी रु.३१३२१७२।- कवोल गर्ने रिदम कन्स्ट्रक्सन संग सम्झौता भएको देखियो । ऐनको प्रावधान अनुसार रु.१२३१०३६।- कार्य सम्पादन जमानत लिई सम्झौता गर्नु पर्नेमा रु.१०४५९९१।- मात्र लिएको देखिंदा जमानत थप गर्नुपर्ने रु. | १८५,०४५ |
| ४७ | | | **कार्यसम्पादन जमानतको अवधि**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको अवधि त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बाँकी अवधिको हुनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीसँग निर्माण कार्य गर्ने सम्झौता भएकोमा नियमावलीको प्रावधान अनुसारको कार्यसम्पादन जमानत नलिई घटी अवधिको लिएको देखिदा नियमानुसार अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.<br>निर्माण व्यवसायी: रिदम कन्स्ट्रक्सन; कार्य सम्पादनको जमानत: १०४५९९१।-; कार्यसम्पादनको हुनुपर्ने अवधि: २०८०।४।१५ | ३,११६,९९१ |

| निर्माण व्यवसायी | कार्य सम्पादनको जमानत | कार्यसम्पादनको हुनुपर्ने अवधि |
|---|---|---|
| रिदम कन्स्ट्रक्सन | १०४५९९१।- | २०८०।४।१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>कार्कि सत्यवती कन्स्ट्रक्सन</td><td>२०७१०००।-</td><td>२०८०।४।१५</td></tr><tr><td>जम्मा</td><td>३११६९९१।-</td><td></td></tr></table> | |
| ४८ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाख भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्ता संग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइएको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु<table><tr><td>विवरण</td><td>रकम</td></tr><tr><td>कम्प्यूटर खरिद रु.</td><td>१०४३९९९।-</td></tr><tr><td>फर्निचर खरिद</td><td>९४३८५५।-</td></tr><tr><td>अन्य मेसनरी सामान रु.</td><td>७८८९२०।-</td></tr><tr><td>जम्मा</td><td>२७७६७७४।-</td></tr></table> | २,७७६,७७४ |
| ४९ | | | **टुल्स एण्ड प्लान्टको भुक्तानी**<br>नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.सं.२०७३ मा जारी भएको नमर्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले उपभोक्ता समितबाट हुने निर्माण कार्यको दर विस्लेषणमा कामदारको ज्यालाको मात्र नभई निर्माण सामाग्रीको मुल्यको समेत ३ प्रतिशत रकम समावेस गरी दर विस्लेषण गरेको पाइयो । यसरी स्वीकृत नमर्स भन्दा बढी दर राखी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितबाट असूल गर्नुपर्ने रु.<table><tr><td>योजनाको नाम</td><td>कामको विवरण</td><td>फरक रकम</td><td>परिमाण</td><td>रकम</td></tr></table> | ८३,७७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| जजजज पर्यटन तथा जनजाती संग्रहालय | Pcc(112:4) | ३५११।१८ | ५१२८ | १८००८।५१ |
| पर्यटन तथा जनजाती संग्रहालय | Formwork | ५६।४० | २९५.९७ | १६६८ |
| पर्यटन तथा जनजाती संग्रहालय | Rebar | ३।४ | ४९४३.५६ | १६८०८।१० |
| वा.न.पा.काप्रे धिमी -पाला - भीमपोखरा जोड्ने मो.बाटो | Pcc(1:2:4) | ३५११।१८ | १९.६८ | ६९११.२२ |
| वा.न.पा.काप्रे धिमी -पाला - भीमपोखरा जोड्ने मो.बाटो | Rebar | ३।४० | 582.14 | 1979.27 |
| पसलटोल वार्ड कार्यालय देखि | Pcc(1:2:4) | ३८३।९२ | २२.६२ | ८६८४। |
| स्वास्थ्य चौकी मोटर बाटो | Rebar | ३.४१ | ६१४.२२ | २०९४ |
| प्रेम कुमार पुनको तगाला देखी | Pcc(1:2:4) | ३८३।९२ | ३२.२५ | 12381.42 |
| कुवा सम्मको मोटरबाटो ढलान | Rebar | ३।४१ | १२४० | ४२२८.४ |
| सुन्तला व्यवसाय व्यवस्थापन योजना | Rcc(1:2:4) | ३६८।९१ | २२.३७ | ८२५३.१८ |
| | Rebar | ३.४१ | ८१० | २७६२.१ |
| जम्मा | | | | ८३७७८।२० |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **नर्मस प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को दफा १० मा स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । काठेखोला गाउँपालिकाबाट उपभोक्ता समिति मार्फत संचालित सडकको कार्यमा सडक विभागको Norms प्रयोग गर्नुपर्नेमा फरक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | Norms प्रयोग गरि लागत अनुमान तयार गरिएकोले तपशिल बमोजिमका योजनामा निम्नलिखित रकम फरक पर्न गएको देखिन्छ ।स्वीकृत नर्मस प्रयोग गरी मितव्ययी रुपमा कार्य गर्नु पर्दछ । | |
| ५१ | | | **नापी किताब** <br> : <br> सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त वनाउनु पर्दछ । | |
| ५२ | | | **बढी भुक्तानी** | |

| योजनाको नाम | दिइएको दर | दिनुपर्ने दर | फरक | परिणाम(केजी) | रकम (रु.) |
|---|---|---|---|---|---|
| प्रेम कुमार पुनको तगाला देखि कुंवा सम्म को मोटरबाटो उ.स. | १३१.०६ | १२९.४५ | १.६१ | १२४० | १९९२.५८ |
| प्रेम कुमार पुनको तगाला देखि कुंवा सम्म को मोटरबाटो उ.स. | १३१.०६ | १२९.४५ | १.६१ | ६१४.२२ | १८८.८९ |
| बा.न.पा काप्रे धिमि, पाला, भीमापोखरा जोड्ने मोटरबाटो उ.स. | १२७.४२ | १२५.८६ | १.५५ | ५८२.१८ | ९०२.३७ |
| ६ नं.वडास्तरीय मोटर वाटो उ.स | १२७.२४ | १२५.८६ | १.३८ | ७३६.५८ | १०१६.४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मु.अ.कर दर्ता भएको निर्माण व्यवसायीले विल अनुसार कर विजक जारी गर्नुपर्नेमा ए.ए.कन्ट्रक्सनले रु. ५३४३१७९।८८ मात्रको मु.अ.क. दर्ता नं.६००७४८१२९१, विजक नं.२८ जारी गरेको तर रु. ५४०७२१९।- भुक्तानी खर्च लेखेकोमा कर विजक वेगर रु.६४०३९।१२ भुक्तानी भएको रकम असूल हुनुपर्ने रु</td><td>६४,०३९.१२</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>कर दाखिला<br>आयकर ऐन २०५८ को दफा ८८ दुवानी कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ कार्यालय वाट विभिन्न मितिमा योजनाको भुत्तानी दिदा वहाल कर कट्टी गर्न छुट भएको देखिदा असुलगरि सम्वन्धि राजश्व खातामा दाखिला गर्नु पर्ने रकम रु</td><td>३,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कर विजक जारी नभएको<br>कर विजक जारी नभएको- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४।(१) तथा नियमावली २०५३ को नियम १७ (१) अनुसार मु.अ.करमा दर्ता भएको प्रत्येक फर्म संस्था निर्माण व्यवसायीले तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार कार्य गरी देहाय अनुसार भूक्तानी खर्च लेखेकोमा मु.अ.करमा दर्ता भएको पार्टी तथा संस्थाले भ्याट विल जारी नगरेकोले नियमित नदेखिएको रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>संस्था पार्टीको नाम</th><th>म्.अ.करमा दर्ता नं.</th><th>भ्याट विल जारी नगरी भूक्तानी रकम</th></tr>
<tr><td>५१६।२०७९।३।१९</td><td>समाचारको माध्यमबाट बजार व्यवस्थापन</td><td>प्रेस चौतारी</td><td>३०२०२१५३८</td><td>५१०००।-</td></tr>
<tr><td>३२१।२०७८।१२।२३</td><td>डकुमेन्ट्री निर्माण</td><td>बाग्लुङ्ग मिडिया हाउस</td><td>६०९७७२२२५</td><td>३१८०००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३६९०००।-</td></tr>
</table></td><td>३६९,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>पेश्कीको म्याद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा अग्रिम वैंक जमानत लिई २० प्रतिशतमा नवढ्ने गरी पहिलोपटक १० प्रतिशत र कार्य प्रगतीको आधारमा १० प्रतिशत पेश्कि दिन सकिने र पेश्कि जमानतको म्याद पेश्कि फर्स्यौट अवधि भन्दा १ महिना वढीको हुनुपर्ने उल्लेख छ । औद्योगिक ग्राम पूर्वाधार विकास कार्यका लागि रु.१२३१५९२७।- लागत अनुमान स्वीकृत भई दोश्रो मुल्यांकित ए ए कन्ट्रक्सन संग २०७८।१२।१ मा मु.अ.कर सहित रु. ९४७२८२२।६६ को सम्झौता भएको र रु. १४५००००।- पेश्की भुक्तानी खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखेकोमा उक्त वैक जमानतको म्याद २०७९।३।२५ सम्म मात्र रहेको र भौ.नं.११ मिति २०७९।३।१९ वाट रु. ५४०६२१८।- भुक्तानी खर्च लेखेकोमा रु. ६०००००।- पेश्की फस्यौंट भै रु.८५००००।- बांकी नै देखिएकोले उक्त पेश्की रकम जोखिममा रहेको छ । अतः पेश्की जमानतको म्याद थप भएको तथा पेश्की फस्यौंट भएको प्रमाण पेश हुनुपर्ने रु | ८५०,००० |
| ५६ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>पालिकाले तोकिएको कार्य सम्पन्न पश्चात सोको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ । सो सम्वन्धमा निम्नानुसार देखिएको छ ।<br>(क)भौ.नं. ६७ मिति ०७९।०३।०२ नविकिरणीय उर्जा प्रविधि जडान वायोग्याँस विद्युतिय चुलो सुधारीएको चुलो सौर्य उर्जा कार्यक्रम को लागी क्वालिटी रिन्युएवल ईनर्जी प्रा.लि. नेपाल लाई रु. ७९८७७९।-कोटेशनको आधारमा भुक्तानी भएको र जिन्सी दाखिला तथा कार्यसम्पन्न प्रतिवेदन समेत संलग्न भएको देखिएन । अतः उक्त सामान दाखिला तथा कर्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.७९८७७९।-<br><br>(ख)भौ नं ८६।०७९।०३।२४ - शर्सत अनुदान पुंजीगत तर्फ झोलुङ्गे पुल शिर्षकमा विनियोजित रु. ४१०००००।- मध्ये गाउपालिका अन्तर्गत स्वीकृत भएका ३ वटा झोलुङ्गे पुलको लागी रु.१६७५६४६।- पेश्की खर्च लेखि वांकी रकम रु.२२२५८१७।- स्टील पार्टसको लागी ईन्टर टच प्रा.लि वुटवल लाई भुक्तानी दिएको देखिन्छ । उक्त सामाग्रीको कार्यालयमा पाप्त भएकोमा दाखिला भएको तथा सम्वन्धित कार्यमा खर्च भएको प्रमाण सहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | ३,०२४,५९६ |
| ५७ | | | **डि.पि.आर**<br>बजेट व्यवस्थापन गर्न कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना अनुसार डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । कार्यन्वयन गर्न नसकिने आयोजनाको प्रतिवेदन तयार गरि अनावस्यक व्ययभार बढाउन उपयुक्त हुदैन । यस स्थानीय तहले यो वर्ष देहाय वमोजिमको कार्य परामर्शदातावाट गराएको छ । | |

| कामको विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| औद्योगिक ग्राम निर्माण डि.पि.आर | इम्वार्क डिजाइनर्स | १९९५६८५। | ११८६५००।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>डकुमेन्ट्री निर्माण</td><td>वडपिक्यर्स प्रा.लि.</td><td>७९८९१०।</td><td>१९९०००।-</td></tr></table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>हेभी मेशिन प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेको देखिन्छ । नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनु पर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः
<table>
<tr><th rowspan="2">भौ.नं./मिति</th><th rowspan="2">उपभोक्ता समिती</th><th rowspan="2">नि निर्माण व्यवसायी</th><th>मेसिन</th></tr>
<tr><th>प्रयोगरकम</th></tr>
<tr><td>२७।२०७८।७।२५</td><td>वडा भित्र सडक निर्माण उ.स.</td><td>खुसु निर्माण सेवा</td><td>११८७६३।-</td></tr>
<tr><td>५४।०७८।९।७</td><td>उपल्टार भेडिखर्क उ.स.</td><td>मुक्तिनाथ निर्माण सेवा</td><td>११७९९९।-</td></tr>
<tr><td>५५।०७८।९।७</td><td>हलहले जाने मोटरबाटो उ.स.</td><td>मुक्तिनाथ निर्माण सेवा</td><td>२१००००।-</td></tr>
<tr><td>८०।०७८।९।२५</td><td>झाक्रि स्थान ठुलोखर्क उ.स.</td><td>मुक्तिनाथ निर्माण सेवा</td><td>२३७९१०।-</td></tr>
<tr><td>८०।०७८।९।२५</td><td>झाक्रि स्थान ठुलोखर्क उ.स</td><td>काठेखोला कन्ट्रक्सन</td><td>६२१५०।-</td></tr>
<tr><td>८७।०७८।२।२५</td><td>वडागत सडक निर्माण उ.स</td><td>थ्रिस्टार व्रदर्श</td><td>३६२१६१।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>भेरिएसन स्वीकृत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार ५ प्रतिशत सम्मको भेरिएसन आदेश रा.प.द्धितीय श्रेणीको अधिकृतबाट स्वीकृत गर्न सकिने उल्लेख छ । कार्यालयले देहाय अनुसार लागत अनुमान भन्दा बढीको कार्य भएको जनाई देहाय अनुसार भूक्तानी खर्च लेखेकोमा भेरिएसन आदेश जारी भएको, स्वीकृत भएको र लागत अनुमान संसोधन भएको समेत नदेखिएकोले यसरी भेरिएसन स्वीकृत बेगर लागत अनुमान भन्दा बढी कार्य भएको सम्बन्धमा यकिन हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>लागत स्टीमेट</th><th>कार्य सम्पन्न</th><th>भेरिएसन</th><th>भुक्तानी</th></tr>
<tr><td>१३४।०७८।१०।२</td><td>टोल निर्माण -९</td><td>२३९८१४।</td><td>२८१४२४।-</td><td>४१६०९।-</td><td>२०००००।-</td></tr>
<tr><td>१८१।११।२२</td><td>वौद्धविहार निर्माण-८</td><td>८८३३०५।</td><td>९१७९६१।-</td><td>३१६५६।</td><td>८०००००।-</td></tr>
<tr><td>१८२।११।२२</td><td>पाला जाम्ले खेल मैदान</td><td>२२५१८५।</td><td>२३५३२१।</td><td>१०१३६।-</td><td>२०००००।-</td></tr>
<tr><td>१८८।११।२२</td><td>बाटामुनीचौर पाखेनी<br>छेडा</td><td>३३६०५४।</td><td>३४४९९८।</td><td>८९४४।-</td><td>३०००००।</td></tr>
<tr><td>२१६।११।२६</td><td>अक्षेते<br>दपासामोटरबाटो</td><td>१२२४०५२।</td><td>१२४७४६४।</td><td>२३४१२।</td><td>११०००००।</td></tr>
<tr><td>५२५।३।१९</td><td>देवीस्थान<br>ग्याविनजाली</td><td>४४११३६।</td><td>४९७१७३।</td><td>५६०३७।</td><td>४०००००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३३५२५४६।</td><td>३५२४३४१।</td><td>१९१७९४।</td><td>३००००००।</td></tr>
</table></td><td>१९१,७९४</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>अग्रीम कर<br>८०।२०७९।३।२३ (क) आयकर ऐन, २०५८ को दफा ८९ मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको ५० लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने उल्लेख छ । कार्यालयले नमूना विद्यालयमा ल्याव ब्यवस्थापन कार्य गर्नको लागि अमर माध्यामिक विद्यालय विउलाई रु.१०७१६४५९।२१ कार्य सम्पन्न भएको जनाई रु.१००००००।-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भूक्तानी खर्च लेखेकोमा नियमानुसार रु.१५००००।- अग्रीम करकट्टा गर्नुपर्नेमा रु.९३३३१।- मात्र अग्रीम कर दाखिला भएकोले नपुग अग्रीम कर रकम रु.५६६६९।- असूल हुनुपर्ने रु</td><td>५६,६६९</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>मेसिन वहाल कर<br>कार्यालय र उपभोक्ता समिति बीच भएको सम्झौताको वुंदा नं. १० मा डोजर, रोलर लगायत मेसनरी सामान भाडामा लिएको एवं घर वहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा कर एवं वहाल कर तिर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिलाई भूक्तानी खर्च लेखेको मध्ये देहाय अनुसार मेसिन भाडा वापत निम्न निर्माण ब्यवसायीलाई भूक्तानी भएको भाडा रकमको विल पेश भएकोमा सम्झौता अनुसार मेसिन वहाल कर रकम कट्टा गरेको देखिदैन ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>निर्माण व्यवसी</th><th>मेसीन भाडा रकम</th><th>कर कट्टी गर्नुपर्ने रकम</th><th>भएको</th><th>नपुग</th></tr>
<tr><td>२७।०७८।७।२५</td><td>वडा भित्रको सडक मर्मत</td><td>खुसु निर्माणसेवा</td><td>१०५१००।-</td><td>१०५१०।-</td><td>३०००।-</td><td>७५१०।-</td></tr>
<tr><td>५४।०७८।९।७</td><td>उपल्लाथर भेडिखर्क मोटरवाटो</td><td>मुक्तिनाथनि.सेवा</td><td>१०४४२४।-</td><td>१०४४२।-</td><td>२००।-</td><td>१०२४२।-</td></tr>
<tr><td>५५।०७८।९।७</td><td>हलहले जाने मोटरवाटो</td><td>मुक्तिनाथ नि.सेवा</td><td>१८५८४१।-</td><td>१८५८४।-</td><td>५००।-</td><td>१८०८४।-</td></tr>
<tr><td>८०।०७८।९।२५</td><td>झाक्रिस्थान ठुलोखर्क<br>मोटरबाटो</td><td>मुक्तिनाथ नि.सेवा</td><td>२१०५४०।-</td><td>२१०५४।-</td><td>३१५०।-</td><td>१७९०४।-</td></tr>
<tr><td>८०।०७८।९।२५</td><td>झाक्रिस्थान ठुलोखर्क<br>मोटरबाटो</td><td>काटेखोला<br>कन्ट्रक्सन</td><td>५५०००।-</td><td>५५००।-</td><td>८२५।-</td><td>४६७५।-</td></tr>
<tr><td>८७।०७८।९।२५</td><td>वडागत साना सडक मर्मत</td><td>थ्रिस्टार वर्दश</td><td>३२०४९७।-</td><td>३२०४९।-</td><td>१२०००।-</td><td>२००४८।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>जटिल संरचना निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी.फ्रेम,स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यसका केहि उदाहरणहरु यस प्रकार रहेका छनः
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५६४।०७९।३।२३</td><td>विहुँकोट साना कृषि सडक संस्था</td><td>चिस्यान केन्द्र भवन निर्माण</td><td>२५०००००।</td></tr>
<tr><td>५११।३।१७</td><td>वडा नं.४ कार्यालय भवन उ.स</td><td>निर्माण कार्य</td><td>१००००००।</td></tr>
<tr><td>५७३।३।२३</td><td>साना पुल निर्माण उ.स.</td><td>पुल निर्माण</td><td>२०००००।</td></tr>
<tr><td>५७६।३।२३</td><td>सामुदायिक हल निर्माण उ.स</td><td>हल निर्माण</td><td>१००००००।</td></tr>
<tr><td>५८०।३।२३</td><td>भ्यू टावर निर्माण उ.स.</td><td>भ्यू टावर निर्माण</td><td>५०००००।</td></tr>
<tr><td>६०४।३।२४</td><td>शिवालय मन्दिर निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>१८४२७००।</td></tr>
<tr><td>६२६।३।३१</td><td>कोल्डरुम, चिस्यान केन्द्र निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>१५०००००।</td></tr>
<tr><td>४९०।३।१२</td><td>वडा कार्यालय सभाहल निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>१७०००००।</td></tr>
<tr><td>३४०।१२।२९</td><td>वडा कार्यालय भवन निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>२८०००००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१३०४२७००।</td></tr>
</table>
यस प्रकारका कार्य प्रतिस्पर्धाको माध्यमवाट गराई गुणस्तरीयता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>अनुपातिक कट्टी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।देहाय अनुसारको उपभोक्ता समितिको प्राविधिक मूल्याङ्कन रकमको अनुपातमा उपभोक्ता समितिले गर्नुपर्ने श्रमदान को अंश कम हुन आएकोले बढी भुक्तानी लिएको असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>विनियोजित रकम</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
</table></td><td>४९,४०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५६।०७८।९।७</td><td>निरलपाटा दपासा मो.वा.</td><td><br>३०००००।-</td><td>२९०३३५।-</td><td>३०००००।-</td><td>९६६५।-</td></tr>
<tr><td>१४७।०७८।१०।२१</td><td>साविक सिम तल्लो मो.वा.देखि उपल्लो मो.वा.</td><td>३०००००।-</td><td>२३४५३५।-</td><td>२७४२७९।-</td><td>३९७४४।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>समानिकरण अनुदानबाट शिक्षकको तलव<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरवन्दी बाहिरका विद्यालयका ११ शिक्षकको नाममा रु.४१७३३६०।- खर्च लेखेको छ । आन्तरिक स्रोतबाट तलव भत्ता खानेगरी नियुक्त शिक्षकहरुलाई सशर्तबाट खर्च लेख्न मिल्ने देखिदैन ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>माग फाराम<br>विद्यालयलाई त्रैमासिक रुपमा तलव तथा अन्य अनुदान निकासा दिदा विद्यालयहरुले पेश गर्ने आवश्यक कागजात तथा रकम यकिन गरी शिक्षा शाखाबाट प्रमाणित गरी आर्थिक प्रशासन शाखामा निकासाका लागि पेश गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा छनोट भएका माग फारमहरुमा कतिपयमा जोड जम्मा नै नगरेको, कतिपय रुजु नभएका तथा कतिपयमा शिक्षक अवकाश तथा नयाँ नियुक्ति पत्र समावेश नभएको पाइयो । यसबाट अभिलेख व्यवस्थापन प्रणाली कमजोर भई स्रोत साधनको अपचलन हुनसक्ने संभावना देखियो । कार्यालयको अभिलेख तथा आर्थिक व्यवस्थापन प्रणालीमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>पोषण विशेष स्वास्थ्य कार्यक्रम<br>३१४।०७९।३।२०- खर्च भएर जाने तथा खर्च भएर नजाने सामानहरु खरिद गरिसकेपछि कार्यालयमा दाखिला गरी मागफाराम लिई वितरण गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले पोषण विशेष स्वास्थ्य कार्यक्रमका लागि खरिद गरीएका इलेक्ट्रिक कीट्ली, स्टील फिल्टर, राउण्ड टेवल सेट, कुर्सि जस्ता सामानहरु दाखिला भएको नदेखिएकोले सामान खरिद भएको यकिन हुन नसकेको रु</td><td>१०९,७६०</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>सेनिटरी प्याट<br>३७४।०७९।३।२४ सेनिटरी प्याड (वितरण तथा ब्यवस्थापन) कार्यविधि २०७६ को वुंदा नं.६ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार कक्षा ६ देखि कक्षा १२ सम्मका छात्राहरुलाई १० महिनालाई पुग्नेगरी सेनिटरी प्याड उपलव्ध गराउनुपर्ने, त्यस्तो प्याडमा उत्पादन तथा प्रयोग मिति तथा गुणस्तरिय भएको प्रमाणित हुनुपर्ने व्यवस्था छ । पालिकाले २ पटक गरी क्रमशः १३५००</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>थान रु.९८१६५९।- मा र ५५०० थान रु. ४४०००० ।- मा गरी १९००० प्याकेट रु.१४२१६५९।- मा खरिद गरी विद्यालयहरुलाई वितरण गरेको छ । खरिद भएका सेनिटरी प्याड गुणस्तरिय भएको खुल्ने प्रमाण श्रेस्ता साथ समावेश गरेको छैन । गुणस्तर सुनिश्चित भएका सेनिटरी प्याड खरिद तथा वितरण गर्न तर्फ पालिकाको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>अनुदानबाट तलब<br>शिक्षकको तलव भत्ता- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरवन्दीभित्र नपरेका एवं विद्यालयले गत विगत देखि नै आन्तरिक स्रोतबाट तलव भत्ता व्यहोरेका शिक्षकलाई भौ.नं.४९८ मिति २०७९।३।१४ मा शिक्षकको पारिश्रमिक वापत वित्तीय समानीकरण पूँजीगत शिर्षकबाट अनुदान रु. ११४२८४०।- तलव भुक्तानी गरेकोले उक्त खर्च नियमित देखिएन रु.</td><td>१,१४२,८४०</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन<br>विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस पालिकामा ४ कोठा र २ कोठाका भवनका लागि रु. १ करोड ६२ लाख बजेट व्यवस्था भएकोमा कार्य सम्पन्न प्रतिवेदन वेगर विद्यालयको खाता रोक्का राखी पुरै रकम खर्च लेखेको छ । कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>आदेश आ.वि., लेखानी</td><td>२ कोठा</td><td>१८०००००।-</td></tr>
<tr><td>भिमसेन मा.वि., विहुँ</td><td>२ कोठा</td><td>१८०००००।-</td></tr>
<tr><td>तग्राम निर्मल प्रा.वि.वाडग्राम</td><td>२ कोठा</td><td>१८०००००।-</td></tr>
<tr><td>सरस्वती प्रा.वि., पाला</td><td>४ कोठा</td><td>३६०००००।-</td></tr>
<tr><td>धारा मा.वि.</td><td>४ कोठा</td><td>३६०००००।-</td></tr>
<tr><td>सरस्वती प्रा.वि., रेश</td><td>४ कोठा</td><td>३६०००००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६२०००००।-</td></tr>
</table></td><td>१६,२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **बढी निकासा**<br>विद्यालयलाई स्वीकृत दरवन्दी अनुसार निकाशा दिनु पर्दछ । पालिकाले विद्यालयहरुलाई त्रैमासिक माग फारामको आधारमा निकासा दिने गरेकोमा निकासा दिदा निम्न विद्यालयहरुलाई वढि निकासा दिएकोले असूल हुनुपर्ने रु | १९३,३६१ |
| ७१ | | | **सिकाई सामाग्री**<br>३७३।२०७९।३।२४- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को कोभिड-१९ का कारण उत्पन्न परिस्थितिका कारण सिकाई सहजीकरणका लागि ५० वटा सम्म विद्यालयका लागि रु.३०००००।- सम्म खर्च गर्न पाइने र वुंदा नं.१.१ मा थप सिकाइ सामाग्री विकास गर्दा स्थानीय तहले विषयगत शिक्षकको रोष्टर विकास गरी यस केन्द्रबाट विकास भएका तथा वैकल्पिक सिकाइका लागि स्वीकृत अध्ययन सामाग्री समेतलाई आधार मानी थप सिकाई सामाग्री विकास गर्नुपर्ने ब्यवस्था छ । पालिकाले सामाग्री तयारका लागि विषयगत शिक्षकको रोष्टर तयार नगरेको तथा ५० विद्यालयहरु रहेको यस पालिकाले रु.३९६२५१।- खर्च लेखेको छ । कार्यान्वयन पुस्तिकाले निर्धारण गरेको सीमा भन्दा वढि भएको खर्च अनियमित भएको रु. | ९६,२५१ |
| ७२ | | | **बढि भुक्तानी**<br>निकासा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२-२.५ शिक्षण सिकाई सामग्री वुक कर्नरका लागि क्रमशः शिक्षा, कक्षा १ देखि ५, कक्षा ६ देखि ८, कक्षा ९ देखि १० तथा कक्षा ११ र १२ का लागि रु.५००, १५०, २००, २०० पालिकाले उपलव्ध गराएको सत्यापनबाट कायम भएको विवरण अनुसार उक्त संख्या क्रमशः ५०६, १९९८, १२०८, ८२१ र ६१४ को लागि रु.११७०३५०।- खर्च लेखेको छ । सत्यापनबाट कायम उक्त संख्याका लागि उपलव्ध गराउनुपर्ने अनुदान रु.१११२०००।-भन्दा बढी लेखिएको खर्च असूल हुनुपर्ने रु. | ५८,३५० |
| ७३ | | | **सुरक्षित नागरिक आवास** | |

| विद्यालयको नाम | त्रैमासिक निकासा | निकासा गएको रु. | दिनुपर्ने निकासा | बढि निकासा |
|---|---|---|---|---|
| भिमापोखरा प्रा.वि.,भीमापोखरा | प्रथम | ४११८०५।- | ३७६४०५।- | ३५४००।- |
| भिमसेन मा.वि., | प्रथम | १५६३७९७।- | १४०५८३६।- | १५७९६१।- |
| जम्मा | | | | १९३३६१।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को प्रकृया पुरा गरेका लाभग्राहीहरुलाई रु.५० हजारको सम्झौता मध्ये प्रथम किस्ताको ६० प्रतिशत अनुदानबाट निर्माण सामाग्री खरिद गरेपछि प्राविधिक प्रतिवेदन वमोजिम अन्तिम किस्ता वापत ४० प्रतिशत उपलव्ध गराइने र किस्ता रकम अन्य प्रयोजनमा खर्च गरेको पाइएमा अनुदान रकम असूल उपर गरीने उल्लेख छ। कार्यालयले ५८ लाभग्राहिलाई निर्माण कार्य सम्पन्न भएपछि रु.५००००।- का दरले उपलव्ध गराएको छ। यसरी कूल स्वीकृत आवास संख्या १७४ मध्ये आर्थिक वर्ष २०७८।७९ मा ६६ घर परिवार छनौट भएकोमा ५८ घरपरिवारबाट कार्य सम्पन्न भएको जनाई रु.२९,००००० भुक्तानी खर्च लेख्नुपर्नेमा कूल निकासा रु.३३,०००००।- मध्ये खर्च रकम २९०००००।- कट्टा गरी रु.४०००००।- कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत फिर्ता हुनुपर्नेमा कार्यालयबाट भएको खर्च रु.२९९५५८२।- जनाई रु.३०४४१८।- मात्र फिर्ता खर्च गरेकोले फिर्ता गर्नुपर्ने भन्दा कम रकम फिर्ता भएको सम्वन्धमा यकिन हुनुपर्ने रु</td><td>९५,५८२</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>सुरक्षित आप्रवासन<br>वैदेशिक रोजगारलाई सुरक्षित, ब्यवस्थित, मर्यादित, उपलव्धिमूलक एवं शोषणरहित बनाउन सुरक्षित आप्रवासन परियोजना (सामी तेस्रो चरण) सञ्चालनमा रहेको छ । उक्त परियोजना सञ्चालन गर्ने बागलुङ्ग जिल्लामा जैमिनी नगरपालिका लगायत ४ स्थानीय तहले २०७६।५।२३ मा समझदारी गरेको देखियो । सो सम्वन्धी कार्यक्रम सञ्चालन वापत यो वर्ष विवाइसी वागलुङ्गलाई तलव, बैठक, कार्यक्रम सञ्चालन, तथ्याकं संकलन, अनुगमन मूल्याकंन, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन लगायतका कार्यमा रु.१८१४४३३।- भुक्तानी गरेको देखियो । स्थानीय तहका जिम्मेवारी अन्तर्गत स्थानीय सेवा प्रदायक संस्था छनौट गर्ने समझदारी पत्रमा उल्लेख भएकोमा यो वर्ष उक्त संस्था छनौट भएको आधार लेखापरीक्षणमा पेश हुन आएन । त्यसैगरी यो वर्ष संस्थाले गरेका कार्यको प्रगति विवरण पेश नभएकोले थप विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>बढी तलव भुक्तानी<br>परियोजना संग भएको सम्झौता अनुसार कार्यक्रम संचालनको लागि विवाइसी वागलुङ्गका कर्मचारीहरुलाई १२ महिना बराबरको तलव दिने उल्लेख भएकोमा १३ महिना बराबरको तलव भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको रकम निम्नानुसार असूल गर्नुपर्ने रु.<table><tr><th>नाम, थर</th><th>रकम</th></tr><tr><td>अस्मीता शर्मा</td><td>२६४८०।-</td></tr></table></td><td>८७,३४६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>अनिल शर्मा</td><td>२६४८०।-</td></tr>
<tr><td>खगराज पौडेल</td><td>११४६२।-</td></tr>
<tr><td>मनविर श्रीस</td><td>११४६२।-</td></tr>
<tr><td>नेत्रलाल कंडेल</td><td>११४६२।-</td></tr>
<tr><td>जम्मा</td><td>८७३४६।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>राजश्व दाखिला<br>प्रदेश आर्थिक कार्यबिधि ऐन, ०७४ को दफा २३ (३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ कार्यालय अन्तर्गत सवै वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकं दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। साथै ऐनले तोकिएको मितिमा राजश्व दाखिला गराउने तर्फ पहल हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ ।लेखापरीक्षणबाट लगत अद्‍यावधिक नभएको, दोहोरो भुक्तानी भएको, मृत्युपश्चात भुक्तानी भएको आदि अवस्था देखिएकोले ऐन तथा कार्यविधिको आँशिक पालना भएकोले सुधार गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>एम आई एस विवरण<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्‍यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफराक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेश भएको लाभग्राहीको लगत कट्टाको विवरणमा तोकिएको प्रकृया पुरा गरि लगत कट्टा गरेको सम्बन्धमा आश्वस्त हुन सकिएन । | |
| | | | <table><tr><td>वडा नं</td><td>लगत कट्टा संख्या</td><td>वडा नं</td><td>लगत कट्टा संख्या</td><td>वडा नं</td><td>लगत कट्टा संख्या</td><td>वडा नं</td><td>लगत कट्टा संख्या</td></tr><tr><td>१</td><td>३३</td><td>२</td><td>३८</td><td>३</td><td>२६</td><td>४</td><td>२२</td></tr><tr><td>५</td><td>५६</td><td>६</td><td>२५</td><td>७</td><td>३५</td><td>८</td><td>२७</td></tr></table> | |
| ७९ | | | **बढी रकम भुक्तानी**<br>सामाजिक सुरक्षा भत्ताबापत यस पालिकाबाट ४ वटै त्रैमासिकमा निकासा दिएको रकमको फर्वार्ड फिड(वडा नं.४, ५ र ८ को फर्वाड फिड लेखापरीक्षणमा पेश नभएको) र पालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु... | २६१,९०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| बैंक | वडा नं | समुह | लाभग्राहीको नाम | ना.प्र.नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ग्रीन डेभलपमेण्ट बैंक लि बाग्लुङ | १ | अन्य जेष्ठ नागरिक भत्ता | दिल बहादुर खत्री | १३९९६-२२९३ | १४००० | २०७८।६।१७ मा मृत्यु जनाई लगत कट्टा भएकोमा पहिलो र दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| | १ | अन्य जेष्ठ नागरिक भत्ता | मन बहादुर थापा | २७०९-१७३४ | १४००० | २०७८।११।१६ मा मृत्यु जनाई लगत कट्टा भएकोमा दोश्रो र तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| सिटिजन्स बैंक, बाग्लुङ | २ | अन्य जेष्ठ नागरिक भत्ता | खड्क कुमारी पाध्य | १४३।२५६ बा | २६६७ | २०७८।१२।११ मा मृत्यु जनाई लगत कट्टा भएकोमा तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| | २ | अन्य जेष्ठ नागरिक भत्ता | दयाराम चुडारो | ४९।२९२२ | ८००० | २०७८।७।३० मा मृत्यु जनाई लगत कट्टा भएकोमा दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| | २ | अन्य जेष्ठ नागरिक भत्ता | सेती क्षेत्रीनी | १६१३-२६६७ | ४००० | २०७८।८।२९ मा मृत्यु जनाई लगत कट्टा भएकोमा दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| | २ | अन्य जेष्ठ नागरिक भत्ता | गोरी थापा | २७८३बा | ४००० | २०७८।८।२९ मा मृत्यु जनाई लगत कट्टा भएकोमा दोश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| एन आई सि एशिया बैंक लि | ३ | अन्य जेष्ठ नागरिक भत्ता | हरिकला कडेंल | ७२९।४३० | ३६००० | २०७८।२।१३ मा मृत्यु जनाई लगत कट्टा भएकोमा पहिलो, दोश्रो र तेश्रो त्रैमासिकको पुरै भत्ता निकासा |
| सेन्चुरी कमर्शियल बैंक | ६ | अन्य जेष्ठ नागरिक भत्ता | नन्दकली कडेंल | १८१ | १२००० | प्रथम त्रैमासिक दोहोरो निकासा(खाता नं ११८००००८११ SO र ११८००००८२७ SO ) |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | अन्य जेष्ठ नागरिक भत्ता | नारायण प्रसाद कर्डेल | १५७४१४३६ | ८००० | २०७८।५।५ मा मृत्यु जनाई लगत कट्टा भएकोमा प्रथम त्रैमासिकको पुरै भत्ता निकासा | |
| | | | | ६ | दलित पोषण | निर सुनार/ निरज सुनार | जन्म मिति २७।२।२०७७ | ६३८४ | ४ वटै त्रैमासिक दोहोरो भत्ता निकासा (बाबु ऋषिराम सुनार र आमा खैसरा सुनार ) | |
| | | | माछापुच्छ्रे बैंक लि | ७ | अन्य जेष्ठ नागरिक भत्ता | धर्मलाल शर्मा | १०८७१६७५ | १२००० | २०७८।१२।२३ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा चौथो त्रैमासिकमा दोहोरो निकासा | |
| | | | | ७ | जेष्ठ नागरिक एकल महिला | धनकला कार्की | १७६०५२११६ | ७९८० | २०७८।१२।२८ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा चौथो त्रैमासिकमा दोहोरो निकासा | |
| | | | | ७ | अति अशक्त | पिम्मली कार्की | ३९८२ | ६३८४ | २०७८।७।१ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा प्रथम त्रैमासिकमा दोहोरो निकासा | |
| | | | | ७ | अन्य जेष्ठ नागरिक भत्ता | खिर बहादुर थापा | ४८८२ | २४००० | २०७८।१०।९ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा प्रथम र दोश्रो त्रैमासिकमा दोहोरो निकासा | |
| | | | | ७ | विधवा | चन्द्रकली बि क। चन्द्रकली बिक थापा | १३२ | १५९६० | २०७८।१०।९ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा प्रथम र दोश्रो त्रैमासिकमा दोहोरो निकासा | |
| | | | | ७ | अन्य जेष्ठ नागरिक भत्ता | देउरुपा थापा | ३७२३ | २४००० | २०७७।९।१६ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा (ना प्र नं ३७२३ र ३७२७ एकै व्यक्ति) प्रथम र दोश्रो त्रैमासिकमा दोहोरो निकासा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>७</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>पहलसिं थापा</td><td>४८४६</td><td>२४०००</td><td>२०७८।१०।९ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा प्रथम र दोश्रो त्रैमासिकमा(पहलसिं थापा र पहलसिं कुँवरको नाममा) दोहोरो निकासा</td></tr>
<tr><td></td><td>७</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>सर्वजित थापा</td><td>४०२०</td><td>१२०००</td><td>२०७८।१०।९ मा दोहोरो दर्ता जनाई लगत कट्टा भएकोमा प्रथम र दोश्रो त्रैमासिकमा(सर्वजित थापा र सर्वजित घर्ति क्षेत्रीको नाममा) दोहोरो निकासा</td></tr>
<tr><td></td><td>७</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>मतिलाल कुँवर</td><td>४५५४</td><td>२५३३</td><td>२०७८।६।१२ मा मृत्यु जनाई लगत कट्टा भएकोमा प्रथम त्रैमासिकमा पुरै रकम निकासा</td></tr>
<tr><td></td><td>७</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>खगी थापा</td><td>२१०७-४५३१</td><td>१२०००</td><td>२०७८।७।१० मा मृत्यु जनाई लगत कट्टा भएकोमा दोश्रो त्रैमासिकमा पुरै रकम निकासा</td></tr>
<tr><td>ग्रीन डेभलपमेण्ट बैंक लि अक्षेते</td><td>५</td><td>अन्य जेष्ठ नागरिक भत्ता</td><td>कृष्णलाल कडेंल</td><td>८१</td><td>१२०००</td><td>२०७८।५।२२ मा मृत्यु जनाई लगत कट्टा भएकोमा प्रथम त्रैमासिकमा दोहोरो रकम निकासा(ना.प्र नं ५५९ खाता नं ००४२१३००००५८०००००००१ मा समेत) बाँकी त्रैमासिकको समेत पालिकाले एकिन गर्नुपर्ने</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>विवरण अद्यावधिक<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा ३० मा स्थानीय तहले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरि एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरुको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयहरुमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति मार्ग ७ गतेभित्र दोश्रो चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेश्रो तथा वार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नु पर्ने उल्लेख छ । कार्यालयले सवै विवरण एम.आइ.एस.मा प्रविष्टि गरेको जनाएको भए तापनि प्रगति विवरण समेत तयार गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>अभिलेख अद्यावधिक<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाबाट अपाङ्ग, बालिका, जेष्ठ नागरिक, एकल महिला, विधवा लगायत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा नागरिता नं. तथा जन्मदर्ता नम्वर को अभिलेख अद्यावधिक नगरी भत्ता वितरण गरेको देखिन्छ । केही उदाहरण यस प्रकार छनः<br><table>
<tr><th>क्र.सं.</th><th>वडा नं.</th><th>संख्या</th><th>वितरण रकम</th></tr>
<tr><td>१</td><td>१</td><td>७</td><td>५६६८८।-</td></tr>
<tr><td>२</td><td>३</td><td>११</td><td>९४४८०।-</td></tr>
<tr><td>३</td><td>५</td><td>१</td><td>११९७०।-</td></tr>
<tr><td>४</td><td>६</td><td>१३</td><td>१३१८८०।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९५०१८</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फस्यौंट गर्ने ब्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२) (घ) मा बेरुजु फस्यौंट गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने ब्यवस्था छ । लेखापरीक्षण डोर समक्ष सम्परीक्षणका लागि आर्थिक वर्ष २०७५।७६ को दफा ८.१ मा उल्लिखित पदाधिकारी सुविधा बढी भूक्तानी भएको रु.३६०००।- असूल उपर भई आएकोले सम्परीक्षण गरिएको छ ।</td><td></td></tr>
</table>